# प्रेस विज्ञप्ति

सिम्रिक एयर लिमिटेड विगत २१ वर्ष देखि नेपालको कानुन अनुसार दर्ता भई लिनुपर्ने अनुमति लिई अग्रणी हेलिकप्टर सेवा प्रदायक संस्था भएको सर्वविदितै छ । यस संस्थाबाट विगत २१ वर्षको दौडानमा विभिन्न दैविप्रकोप, आपतकालिन लगायत भौगोलिक विकटता भएको स्थानमा उद्दार एवं राहतको कार्य गरि निरन्तर एवं सुरक्षित सेवा दिदै आएको संस्था हो । यस संस्थाले प्रत्यक्ष अप्रत्यक्ष रुपमा धेरै व्यक्तिहरुलाई रोजगार एवं राजश्वको हकमा पनि यस क्षेत्र मध्ये उल्लेखनिय राजश्व भुक्तानी गर्दै आएको कुरा यहाहरुलाई जानकारी गराउन चाहन्छौ ।

हालै विभिन्न डिजिटल मिडियाको माध्यमबाट नेपाल नागरिक उडडयन प्राधिकरण का प्रवक्ता लाई उद्धरित गरि सम्प्रेषित गलत र भ्रामक समाचारहरु प्रति हाम्रो गम्भिर ध्यानाकर्षण भएको जानकारी गराउन चाहन्छौ । साथै उक्त समाचारहरुको सत्यताको वारेमा यहाहरुलाई निम्नुसारको जानकारी गराउदछौ ।

विगत केहि समय देखि नेपाल नागरिक उडडयन प्राधिकरणले निजि क्षेत्रबाट संचालित हवाई सेवा प्रदायक कम्पनीहरुलाई विभिन्न वाहानामा प्रत्यक्ष अप्रत्यक्षरुपमा निरुत्साहित गर्ने र यस व्यवसायमा आवद्ध व्यवसायीहरुको व्यवसायलाई धराशायी पार्ने उदेश्यले पटक पटक विनाकारण दुख दिदै आएकोमा सोको विरुद्धमा वायु सेवा संचालक संघ नेपाल का अध्यक्षको हैसियतले यस्तो प्रकारको व्यथितिको सम्बन्धमा यस कम्पनिका अध्यक्षले आवाज उठाएको हुनाले निजलाई व्यक्तिगत रुपमै लक्षित गरि निज आवद्ध संस्थाको गरीमाप्रति भ्रम सिर्जना गर्न खोजिएको नियति प्रष्ट देखिन्छ ।

सिम्रिक एयर लिमिटेडको नाममा प्राधिकरणले मिति २०८०।०४।२१ गते चलानी नम्वर १७ को पत्र अनुसार ७ दिन भित्र हिसाव मिलान गर्न आउन भनि पत्राचार गरि पत्रमा दिएको मिति अगावै वदनियतपूर्ण तरिकाले, पूर्वाग्रहि ढगंले, प्रतिशोध साध्ने उद्देश्यले आफ्नो अधिकारको दुरुपयोग गरि यस संस्थाको गरिमामा आच पुर्‍याउने उद्देश्यले कपोकल्पित झुटा र भ्रामक समाचार सम्प्रेषण गरेकोमा यस प्रेष विज्ञप्ति बाट खण्डन गर्न चाहन्छौ ।

यस तत्थ्यलाई थप प्रष्ट पार्दै, यस कम्पनीले सेवा उपभोग गरे वापतको रकम प्राधिकरणलाई क्रमश रुपमा बुझाउदै आएको र मिति २०८०।०४।२१ को पत्र प्राधिकरणको वार्षिक खाताबन्दिका क्रममा देखिन आएको छुटफुट रकम भएको जानकारी गराउदछौ । सो छुटफुट रकमका सम्बन्धमा उक्त रकम यस कम्पनीको उडान विवरण र हिसाव संग रुजु भई मेल खाएमा भुक्तानी गर्ने र नभएमा सच्याउनका निम्ति प्राधिकरणलाई अनुरोध गर्ने प्रक्रिया एवं व्यवहारमा रहि आएको छ । यस वर्ष पनि पत्रमा उल्लेख भए अनुसारको विभिन्न स्थानको खातावही २०८०।०४।२४ गते मात्र उपलब्ध भएको र हिसाव मिलानको क्रममै रहेकोमा,

लुक्ला विमानस्थलको हिसाव एकिन भई सो वमोजिमको छुट रकम भुक्तान भईसकेको र ताप्लेजुङ विमानस्थलको हकमा विमानस्थलको कार्यालयलाई हिसाव सच्याउन तथा अध्यावधिक गर्न ईमेल मार्फत कागजात पठाई निवेदन गरिएको समेत जानकारी गराउदछौ । काठमाडौ विमानस्थलको हकमा भने उडान संख्या वडी हुने भएकाले हिसाव मिलानकै क्रममा रहेकोले रुजु एवं मिलान हुनासाथ भुक्तान गर्नुपर्ने भएमा भुक्तान गर्न प्रतिबद्ध एवं सक्षम रहेको जानकारी गराउदछौ।

अन्त्यमा यस संस्थाले विगत २१ वर्षदेखि नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन नियमावली पालना गरि निज लाई तिर्न बुझाउन पर्ने रकम र नेपाल सरकारलाई नियमअनुसार बुझाउन पर्ने रकमहरु नियमअनुसार बुझाउदै आएको विश्वस्त पार्दछौं । भविष्यमा पनि सोको निरन्तरता दिने कुरामा हामी प्रतिबद्ध रहेको र वित्तिय एवं अन्य सम्पूर्ण आधारमा सवल रहेको पनि जानकारी गराउदै यहाहरुको सेवामा सधै समर्पित रहने प्रतिबध्दता व्यक्त गर्दछौ ।

सिम्रिक एयर लिमिटेड
पुष्पमार्ग,सुविधानगर,काठमाडौं